नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रीको लागि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/११/०२

यस पाठ्यक्रम विकास केन्द्रमा मौज्दामा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले सातौं दिनको कार्यालय समयभित्र फिर्ता नहुने गरी रु. १०००।- (एक हजार रुपैयाँ रकम नेपाल बैंक लिमिटेड, कमलविनायक भक्तपुर स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको राजस्व खाता नं. ००१०१००००००००१००१००१, यस केन्द्रको कार्यालय कोड नं. ३५००२३३०१ राजस्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित, बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।)

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले आठौं दिनको दिउँसो १२:०० बजे भित्र यस केन्द्रमा दर्ता गरी सक्नुपर्नेछ ।

४. केन्द्रमा दर्ता भएका बोलपत्रहरु आठौं दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैङ्क लिमिटेड कमलविनायक भक्तपुर शाखामा रहेको धरौटी खाता नं. ०१९०१०००००२००३००००१ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा तीन वटै प्रकृतिको मालसामानको एकमुष्ट रुपमा भर्नुपर्नेछ।बोलपत्र स्वीकृत गर्दा एकमुष्ट रुपमा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।